*स्वीकृत मितिः - २०७७।०३।२३*
*प्रमाणीकरण भएको मिति - २०७७।०३।२९*
*स्थानीय राजपत्रमा प्रकाशित मिति - २०७७।०३।२९*

**प्रस्तावनाः**

लेकवेशी नगरपालिका, सुर्खेतको आर्थिक वर्ष ०७७/०७८ को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तथा समय सापेक्ष करका दरहरु थपघट गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (घ) बमोजिम लेकवेशी नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "लेकवेशी नगरपालिका, सुर्खेतको आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि लेकवेशी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **सम्पति करः** लेकवेशी नगरपालिकाका क्षेत्रभित्रका घर र घरले चर्चेको घरधनी स्वयंले मूल्य घोषणा गरी अनुसूची १ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** लेकवेशी नगरपालिका क्षेत्रभित्रका घर र घरले चर्चेको जग्गा बाहेकका जग्गाहरुको भूमि तथा मालपोत कर अनुसूची २ मा उल्लेखित दरमा असूल उपर गरिनेछ ।

४. **घरजग्गा वहाल करः** लेकवेशी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** लेकवेशी नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **कृषि उपज ,जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कृषि उपज, ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र लिइने मनोरन्जन क्रियाकलापमा अनुसूची ७ बमोजिम मनोरञ्जन कर लगाईने र असुलउपर गरिने छ । साथै मनोरञ्जन कर संघिय कानुन र प्रदेश कानुनमा अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** लेकवेशी नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे

वापत कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** लेकवेशी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची (१०) मा उल्लिखित सिफारिस, प्रमाणित, अनुमती दस्तुर, स्थानीय पूर्वाधार, फोहरमैला व्यवस्थापन, ओजेटी सेवा लगाएत उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **नक्सापास दस्तुरः** लेकवेशी नगरपालिका क्षेत्रमा मापदण्ड पुगेको घर निर्माणमा नक्सापास दस्तुर अनुसूची (११) बमोजिम र मापदण्ड नपुगेको घरहरुको हकमा कार्यपालिका बाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।

१५. **पर्यटन शुल्कः** लेकवेशी नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क अनुसूची (१२) बमोजिम लगाईने र असुल उपर गरिने छ। अनुसूचीमा उल्लेख नभएका पर्यटन क्षेत्रहरुको शुल्क कार्यपालिकाले तोकेबमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कानुन बनाइ कर छुट दिन सकिनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था भए .अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१८. **दण्ड सजायः**

(१) नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुझाएमा नगरपालिकाले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ ।

(क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तुर, शुल्क तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा त्यस्तो

व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाइ लेख, व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगाएतका कारोबार रोक्का गर्न र कालो सूचीमा राख्न सक्नेछ ।

(ख) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम बिक्री गरि असुल गर्न सक्नेछ ।

(ग) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमानत लिलाम विक्रि गरि असुल उपर गर्ने ।

तर जफत वा लिलाम विक्री गरी प्राप्त हुन अएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाई बुझाउनुपर्ने रकमभन्दा बढि हुन आएमा बढी भएको रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा १ को खण्ड (ख) वा (ग) बमोजिम नगरपालिकाले लिलाम विक्री गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर दस्तुर शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम नबुझाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्नसक्नेछ ।

१९. **विविधः** कृषि, पशु, सहकारी, शिक्षा, घरेलु जस्ता अन्य विषयगत कार्यालयबाट हुने कार्यको सेवा शुल्क दस्तुर उल्लेख भएमा सोहि बमोजिम र नभएमा साविकमा यी विषयगत कार्यालयले लिँदै आएको दस्तुर शुल्क लाग्नेछ ।

यस ऐनमा नसमेटीएका र अन्य कानुनसँग नबाझिने गरी कर दस्तुर शुल्कको दररेट नगर कार्यपालिकाको निर्णय तथा स्वीकृत कार्यविधिको मापदण्ड बमोजिम हुनेछ ।

अनुसूची १
(दफा २ सँग सम्बन्धित)

## सम्पत्ति कर (घर र घरले चर्चेको जग्गा मात्र) को दर

| कर योग्य सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| रु. १ देखि २० लाख रुपैयाँसम्मको मूल्यांकनमा | प्रति सय रु. ०.०२ |
| रु. २० लाख १ देखि ४० लाख रुपैयाँसम्म | प्रति सय रु. ०.०३ |
| रु. ४० लाख १ देखि ६० लाख रुपैयाँसम्म | प्रति सय रु. ०.०४ |
| रु. ६० लाख १ रुपैयाँ देखि ८० लाख रुपैयाँसम्म | प्रति सय रु. ०.०५ |
| रु. ८० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँसम्म | प्रति सय रु. ०.०६ |
| रु. १ करोड १ देखि १ करोड ५० लाख सम्म | प्रति सय रु. ०.०७ |
| रु. १ करोड ५० लाख १ देखि २ करोड सम्म | प्रति सय रु. ०.०८ |
| रु. २ करोड १ रुपैयाँ देखि माथि | प्रति सय रु. ०.०९ |

**नोटः** आर्थिक वर्षको कार्तिक मसान्तभित्र कर बुझाएमा ५ प्रतिशत कर छुट हुने। आर्थिक वर्ष भित्र कर नबुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १५ प्रतिशत, तश्रो वर्ष २० प्रतिशत क्रमशः ५ प्रतिशतका दरले थप अधिक्तम १०० प्रतिशत जरीवाना लाग्ने।

अनुसूची २

*(दफा ३ सँग सम्बन्धित)*

## मालपोत तथा भूमिकर

| सि. नं. | विवरण | हालको वडा | इकाइ | मालपोत दर |
|---|---|---|---|---|
| १. | साविक लेखफर्सा वडा नं. १, २ ,३ को सबै जग्गाहरु | २ | प्रति कठ्ठा | १०.० |
| | साविक लेखफर्सा वडा नं. ४ को सबै जग्गाहरु | २ | प्रति कठ्ठा | १२। |
| | साविक लेखफर्सा वडा नं. ५ खरकका जग्गाहरु | १ | प्रति कठ्ठा | १२। |
| २. | साविक लेखफर्सा वडा नं. ५ को बाँकी सबै जग्गाहरु | १ | प्रति कठ्ठा | १३.० |
| | साविक लेखफर्सा वडा नं ९ को सबै जग्गाहरु | २ | प्रति कठ्ठा | १६। |
| ३. | साविक लेखफर्सा वडा नं. ६, ७, ८ को सबै जग्गाहरु | १ | प्रति कठ्ठा | १६.० |
| ४. | साविक दशरथपुर वडा नं. १, को सबै जग्गाहरु | ३ | प्रति कठ्ठा | १०.०० |
| ५. | साविक दशरथपुर वडा नं. ९ को सबै जग्गाहरु | ४ | प्रति कठ्ठा | १०। |
| | साविक दशरथपुर वडा नं. ७, को कुल्लीमोड मेल्पानी र वडा नं. ५ र ६ को सबै जग्गाहरु | ४ | प्रति कठ्ठा | १६। |
| | साविक दशरथपुर वडा नं.७, को बाँकी सबै र वडा नं. ८ को सबै जग्गाहरु | ४ | प्रति कठ्ठा | १३। |
| ६. | साविक दशरथपुर वडा नं.२, ३, ४, को जग्गाहरु | ३ | प्रति कठ्ठा | १६.०० |
| ७. | साविक नेटा वडा नं.५ का सबै जग्गाहरु र वडा नं.६ को सिघेका जग्गाहरु | ५ | प्रति रोपनी | १२.०० |
| | साविक नेटा वडा नं. २ का कफ्लेनीका जग्गाहरु | ५ | प्रति कठ्ठा | १०। |
| | साविक नेटाको बाँकी सबै जग्गाहरु | ५ | प्रति रोपनी | १५। |
| ८. | साविक कल्याण वडा नं.१, २ पुरै जग्गा | ६ | प्रति रोपनी | १५.०० |
| | साविक कल्याण वडा नं.३, ४, ५ को जग्गाहरु | ६ | प्रति रोपनी | २४। |
| ९. | साविक कल्याण वडा नं.६ को खारपानी विश्रामथला पाखापानीका जग्गाहरु | ७ | प्रति रोपनी | १५.०० |
| | | | | |
| १०. | सासाविक कल्याण वडा नं. ७, ८, ९ पुरै जग्गा वडा नं.६ गोलखाल्टा खारे र धनेरीका जग्गाहरु | ७ | प्रति रोपनी | २४.०० |
| ११. | साविक साटाखानी वडा नं. १ बनकुना चुनियापानी पावरहाउस वडा नं.२ साटाफाँट दुविचौर अलेढाप जोत्रेसाल वडा नं ४ जलुकेनी खारखोला लामीदमार राउटटार व्यवारे वडीपाटी चन्द्रपुर भट्टेघारी गन्नेपानीका जग्गाहरुको हाल | १० | प्रति कठ्ठा | १६.०० |

| सि. नं. | विवरण | हालको वडा | इकाइ | मालपोत दर |
|---|---|---|---|---|
| १२. | साविक साटाखानी वडा नं. १ कैनपानी खल्लुगैरा वेलघारी वडा नं.३ सबै नं. २ धवेन वडा नं.४ को मैनडाँड मसेरी का जग्गाहरुको | १० | प्रति कट्ठा | १०.०० |
| १३. | साविक साटाखानी वडा नं. ५ फूलवारी वडा नं. ६ पुरै को जग्गाहरुको | ९ | प्रति कट्ठा | १०.०० |
| १४. | साविक साटाखानी वडा नं. ५ चौरासे गोगनपानी तिल्केपानी वडा नं.७ पुरै क्षेत्र का जग्गाहरु | ९ | प्रति कट्ठा | १६.०० |
| १५. | साविक साटाखानी वडा नं.८ कुइनेपानी नारजले टंलामीटोल सुब्बाकुना क्षेत्र का जग्गाहरुको | ८ | प्रति कट्ठा | १६.०० |
| १६. | साविक साटाखानी वडा नं.८ मंगले चिसापानी खुनुर्के आरनटुडा बाटोमुनी क्षेत्र का जग्गाहरुको | ८ | प्रतिरोपनी | २४.०० |
| | साविक साटाखानी वडा नं.८ आरनटुडा बाटोमाथि सालडाँडा वैंशपानी लामवारी चुहानटोल वेलघारी पिपलटार तिनघरे मसेरी केरेनी चिल्ले क्षेत्र का जग्गाहरुको | ८ | प्रतिरोपनी | १५। |
| | साविक साटाखानी वडा नं. ८ गन्नेपानी लोसे जमुनेपानी कोलखोला क्षेत्रका जग्गाहरुको | ८ | प्रति कट्ठा | १०। |
| | साविक साटाखानी वडा नं.९ क्षेत्रका सबै जग्गाहरु र सो क्षेत्रमा पर्ने साविक गर्पन पाम्काका जग्गाहरु | ८ | प्रतिरोपनी | १५। |

**नोटः** आर्थिक वर्षको कार्तिक मसान्तभित्र कर बुझाएमा ५ प्रतिशत कर छुट हुने। आर्थिक वर्षभित्र कर नवुझाएमा आर्थिक वर्ष समाप्त भएको पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १५ प्रतिशत, तश्रो वर्ष २० प्रतिशत क्रमशः ५ प्रतिशतका दरले थप अधिक्तम १०० प्रतिशत जरिवाना लाग्नेछ।

अनुसूची ३

(दफा ५ सँग सम्वन्धित)

## व्यवसाय करको दररेट (वार्षिक)

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | |
| क. | चारपांग्रे गाडी मर्मत | २०००.० |
| ख. | मोटरसाइकल तथा अटो मर्मत | ६००.० |
| ग. | रेडियो, घडी, मोवाइल तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ४००.० |
| घ | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | २००.० |
| ङ. | सवारी डेन्ट, पेन्टगर्ने पसल | २००.० |
| च | सवारी साधन धुने | २००.० |
| छ. | सवारी साधनको सिट, हुट बनाउने पसल | ६००.० |
| ज. | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदि मर्मत | २००.० |
| २. | **स्वास्थ्य सेवा तर्फ** | |
| क. | १५ बेडसम्मका अस्पताल १५ | ५०००.० |
| ख. | १५ बेडमाथिका अस्पताल | ८०००.० |
| ग. | नर्सिङ् होम | ५०००.० |
| घ. | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | २०००.० |
| ङ. | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल पसल/औषधी थोक पसलमा | १५००.० |
| च. | दात उपचार केन्द्र | १२००.० |
| छ. | डाक्टरको सेवा नभएको मेडिकल पसल | ५००.० |
| ज. | सर्जिकल सामान बेच्ने पसल | ५००.० |
| झ. | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | ४००.० |
| ३. | **शिक्षा सेवा तर्फ** | |
| क, | निजिस्तरबाट संचालीत चाइल्ड केयर तथा मोन्टेश्वरी | १०००.० |
| ख. | आधारभुत तहका निजी विद्यालय (कक्षा १-८ सम्म) | २०००.० |
| ग. | मा.वि. तहका निजी विद्यालय | ३०००.० |
| घ. | निजि स्तरका क्याम्पसहरु | ६०००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| ङ. | तालीम तथा अनुसन्धान केन्द्र | ४०००.० |
| च. | टाइपिङ्,कम्प्युटर तथा प्रशिक्षण केन्द्र | ६०००.० |
| **४.** | **सञ्चार सेवा तर्फ** | |
| क. | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ् आदिमा | १०००.० |
| ख. | फोन, फ्याक्स, फोटोकपि | ४००.० |
| ग. | रिचार्ज कार्डको डिलर | ५००.० |
| घ. | कुरियर सेवा | ४००.० |
| ङ. | एफ.एम. रेडियो | ५००.० |
| च. | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | १०००.० |
| छ. | केवल नेटवर्क, इन्टरनेट सेवा प्रदायक | १०००.० |
| **५.** | **छपाइ तथा प्रकाशन** | |
| क. | अफसेट प्रेस | १५००.० |
| ख. | साधारण प्रेस | ५००.० |
| **६.** | **वित्तीय सेवा तर्फ** | |
| क. | विकास बैंकहरु शाखा कार्यालय | ३०००.० |
| ख. | विकास बैंकहरु शाखा कार्यालय | ३०००.० |
| ग. | बीमा कम्पनी शाखा कार्यालय | १०००.० |
| घ. | मनीट्रान्सफर (बैंक बाहेक) | १०००.० |
| च. | आर्थिक कारोबारसमेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय (शेयर कारोबार गर्ने समेत) | १०००.० |
| छ. | वित्तीय कम्पनीको शाखा कार्यालय | १०००.० |
| ज. | सहकारी बैंक र बचत तथा ऋण सहकारी (क श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने) | १०००.० |
| झ. | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहरु (ख श्रेणी : २ करोड भन्दा कम कारोवार हुने) | ७००.० |
| ञ. | अन्य कारोवार गर्ने सहकारी संस्थाहरु | ५००.० |
| ट. | विदेशी मुद्रा सटही | १५००.० |
| ड. | बीमा कम्पनीहरु | १०००.० |
| **७.** | **होटल, लज तथा रेष्टुरन्ट र बार (पर्यटन उद्योग)** | |
| क. | उच्च स्तरको लजिङ, फुडिङ, स्वीमिंग पुल, सेमिनारहल सुविधा भएको होटल | १००००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| ख. | मध्यम स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल | ४०००.० |
| ग. | सामान्य लजिङ, फुडिङको सुविधा भएको | २०००.० |
| घ. | रेस्टुरेन्ट/बार सांस्कृतिक कार्यक्रम सहितको | ५०००.० |
| ङ. | लज मात्र भएको | १०००.० |
| च. | राम्रो खालको रेष्टुरन्ट/बार AC सुविधा सहित | २५००.० |
| छ. | सामान्य खालको रेष्टुरन्ट/बार | २०००.० |
| ज. | सामान्य खालको होटल | १०००.० |
| झ. | प्याराग्लाइडिङ/र्‍याफ्टिंग | १०००.० |
| **८.** | **चिया नास्ता तथा चाट पसल** | |
| क. | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | ५००.० |
| ख. | ग्रामीण क्षेत्रको चियानास्ता पसल | ३००.० |
| ग. | चाट पसल | ५००.० |
| **९.** | **सुन चांदी पसल** | |
| क. | थोक रुपमा तथा मेसिनद्वारा गहन बनाई बिक्री गर्ने पसल | २०००.० |
| ख. | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल | १०००.० |
| ग. | गहना बनाउने तथा मर्मत गर्ने पसल | ८००.० |
| **१०.** | **मदिरा पसल** | |
| क. | थोक बिक्री पसल | ५०००.० |
| ख. | मध्यम खालको पसल | २०००.० |
| ग. | खुद्रा बिक्री पसल | १५००.० |
| **११.** | **मासु पसल** | |
| क. | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | ८००.० |
| ख. | रांगा, खसी र बंगुरमध्य कुनै एकको मात्र मासु बेच्ने पसल | ५००.० |
| ग. | माछा, कुखुरा, हांस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | ३००.० |
| **१२.** | **मेटल वर्कसप** | |
| क. | क श्रेणी (ग्रील सटर,आल्मुनियम निर्माण तथा थोक विक्रेता, उद्योग समेत) | १५००.० |
| ख. | ख श्रेणी (सामान्य ग्रील उद्योग) | ८००.० |
| **१३.** | **स्टील, काठ फर्निचर,कार्पेट विक्रेता** | |
| क. | क श्रेणी (उद्योग सहित थोक विक्रेता) | १५००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| ख. | ख श्रेणी (खुद्रा बिक्रेता) | १०००.० |
| १४. | **बेकरी उद्योग र बेकरी पसल** | |
| क. | उद्योगलाई | १०००.० |
| ख. | पसललाई | ५००.० |
| ग. | दुवै गर्नेलाई | १५००.० |
| १५. | तरकारी र फलफुल पसल | |
| क. | थोक पसल | ५००.० |
| ख. | खुद्रा पसल | ३००.० |
| ग. | मिलहरु : प्रति हर्स पावर | ४०.० |
| १७. | **किराना तथा खाद्य पसल** | |
| क. | डिपार्टमेन्ट स्टोर | ३०००.० |
| ख. | उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल) | १५००.० |
| ग. | मध्यम स्तरको किराना तथा खाद्य पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल) | १०००.० |
| घ. | सामान्य स्तरको किराना तथा खाद्य पसल (सामान्य बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल) | ८००.० |
| ङ | निम्न स्तरको किराना तथा खाद्य पसल (सानो बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल) | ३००.० |
| च | दैनिक उपभोगका खाद्य पदार्थ | ३००.० |
| छ | सामान्य घुम्ती पसल | १००.० |
| १८. | **काँचो कपडा, रेडिमेड फेन्सी तथा जुत्ता, चप्पल पसल र टेन्ट हाउस** | |
| क. | उच्च स्तरको पसल (गोदाम समेत राखेको थोक पसल) | २०००.० |
| ख. | मध्यम स्तरको पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको पसल) | १०००.० |
| ग. | सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल) | ८००.० |
| घ. | निम्न स्तरको पसल (सानो बिक्री कक्षमात्र भएको पसल) | ५००.० |
| ङ | उन तथा उनको कपडाको थोक बिक्रेता | १०००.० |
| च. | उन तथा उनको कपडाको फुटकर बिक्रेता | ५००.० |
| १९. | **टेन्ट हाउस** | |
| क. | क्याटरिंग सहित उच्चस्तरको टेन्ट हाउस | १०००.० |
| ख. | टेन्ट हाउस सामान्य स्तरको | ५००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| २० | **प्लाष्टिकजन्य पसल** | |
| क. | थोक पसल | ५००.० |
| ख. | खुद्रा पसल | ३००.० |
| २१. | **कम्प्युटर, मोवाइल, टि.भी.,रेडियो, घडी तथा अन्य विद्युतीय सामान बेच्ने पसल/इलेक्ट्रोनिक्स पसल** | |
| क. | अन्तर्राष्ट्रियस्तरको ब्राण्ड भएको उच्च स्तरको पसल (कम्प्युटर, टि.भी. आदिको डिलर तथा ठूलो/होलसेल पसल) | ५०००.० |
| ख. | मध्यम स्तरको पसल (कम्प्युटर, टि.भी. आदिमध्ये कुनै एकको डिलर भएता पनि सानो पसल) | ३०००.० |
| ग. | सामान्य किसीमको पसल | ८००.० |
| घ. | रेडियो, घडीमात्र राखेको सामान्य पसल | १०००.० |
| २२. | **सवारी साधन विक्रीमा** | |
| क. | चार पांग्रे गाडी सो रुम तथा बिक्रीमा | १५०००.० |
| ख. | तिन पांग्रे सवारी साधन सोरुम तथा विक्रिमा | १००००.० |
| ग. | मोटरसाइकल सोरुम तथा बिक्रीमा | ८०००.० |
| घ. | साइकल सो रुम तथा बिक्रीमा | १०००.० |
| ङ. | अटोमोवाइल्सका पार्टपूर्जा मात्र बेच्ने पसल | १०००.० |
| २३. | अडियो, भिडियो क्यासेट बिक्री तथा मर्मत | ५००.० |
| २४ | **भांडा पसल** | |
| क. | क श्रेणीमा पर्ने (सजावत तथा उपहारका सामान समेत राखेको) | १०००.० |
| ख. | ख श्रेणीमा पर्ने | ८००.० |
| ग. | सामान्य पसल | ५००.० |
| २५. | कुखुरा पालन व्यवसाय | १०००.० |
| क. | १००० भन्दा बढी कुखुरा पाल्ने फर्म | ३००.० |
| ख. | ५०० देखि १००० सम्म कुखुरा पाल्ने पसल | २००.० |
| ग. | ५०० भन्दा कम कुखुरा पाल्ने पसल | १००.० |
| घ. | पशुपालन व्यवसाय (गाई, भैंसी, बाखा, बंगुर फार्म) | ३००.० |
| २६. | **स्टेशनरी तथा पुस्तक पसल** | |
| क. | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | १०००.० |
| ख. | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | ८००.० |
| ग. | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल ख·वर्ग | ५००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| २७. | **निर्माण सामाग्री, हार्डवेयर, शिसा तथा विद्युत सामाग्री पसल** | |
| क. | अन्तर्राष्ट्रिय Multiinational Company को सामान भएको डिलर | ८०००.० |
| ख | राष्ट्रियस्तरको कम्पनीका शाखा | ५०००.० |
| ग | उच्च स्तरको पसल | ४०००.० |
| घ | मध्यम स्तरको पसल | ३०००.० |
| ङ | सामान्य स्तरको पसल | १५००.० |
| च | संचालित सप्लायर्स | १०००.० |
| २८. | **फोटो स्टुडियो** | |
| क | उच्च स्तरको पसल (कलर ल्याव फ्लेक्स प्रिन्ट समेत भएको) | १०००.० |
| ख. | मध्यम स्तरको पसल (कलर ल्याब नभएको) | ३००.० |
| २९. | सैलुन तथा ब्युटी पार्लर पसल | |
| क. | राम्रो स्तरको पसल (४ सिट भन्दा बढी) | ६००.० |
| ख. | सामान्य स्तरको पसल (४ सिट भन्दा कम) | ४००.० |
| ३०. | **टेलर** | |
| क. | क श्रेणीको पसल (४ भन्दा बढी मेसिन राखेको पसल) | ८००.० |
| ख. | ख श्रेणीको पसल (२ देखि ४ सम्म मेसिन राखेको पसल) | ५००.० |
| ग. | ग श्रेणीको पसल (२ भन्दा कम मेसिन राखेको पसल) | ३००.० |
| ३१. | **एग्रोभेट पसल** | |
| क. | क श्रेणीको (थोक पसल) | ८००.० |
| ख. | ख श्रेणीको (खुद्रा पसल) | ५००.० |
| ३२. | **डिलर तथा डिष्ट्रिब्युटर्स** | |
| क. | मदिरा,वियर जस्ता मादक पदार्थको डिलर | ७०००.० |
| ख. | चुरोट,विडी जस्ता धुम्रपानमा | ४०००.० |
| ग. | पेट्रोल पम्पमा | ५०००.० |
| घ. | अन्य डिलरमा (नुन र मट्टितेल बाहेक) | ३०००.० |
| ङ. | नुन र मट्टितेलको डिलर | १०००.० |
| ३३ | **विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| क. | चिकित्सक | २०००.० |
| ख. | कविराज | १००.० |
| ग . | ईन्जीनियर | ३०००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| ३४ | **निर्माण सेवा :** | |
| क. | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | १००००.० |
| ख. | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | ५०००.० |
| ग. | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार | २५००.० |
| घ. | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | २०००.० |
| ङ.. | कानुन व्यवसायी : वरिष्ठ अधिवक्ता र अधिवक्ता (ल फर्म संचालन गरेको) | १०००.० |
| च. | अभिकर्ता | ५००.० |
| छ. | लेखनदास | ४००.० |
| ज. | लेखा परीक्षक : क श्रेणी र ख श्रेणी | १०००.० |
| झ. | ग श्रेणी | ६००.० |
| ञ. | घ श्रेणी | ५००.० |
| ट. | दन्त चिकित्सक | ८००.० |
| ठ. | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५००.० |
| ड. | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५००.० |
| ढ. | वीमा एजेन्ट | ५००.० |
| ण. | सर्भेयर | १०००.० |
| त. | अनुवादक | ५००.० |
| थ. | पशु चिकित्सक | ६००.० |
| द. | सामान ढुवानीकर्ता तथा कम्पनी | १५००.० |
| ध. | नापी व्यवसाय | १०००.० |
| न. | विज्ञापन एजेन्ट | १०००.० |
| प. | वैदेशिक रोजगार एजेन्ट | ५०००.० |
| फ. | स्वदेशी रोजगार एजेन्ट | २०००.० |
| ब. | सेक्रेटरियल सेवा | २०००.० |
| भ. | एयरलाइन्स र कार्गो सेवा | ५०००.० |
| म. | हाउजिं कम्पनी तथा घर जग्गा खरिद बिक्री - (रियल स्टेट) | ५०००.० |
| य. | सटिङ्ग सामानहरु | १०००.० |
| र. | कवाडि सामान संकलन तथा बिक्री | १०००.० |
| ल. | ड्राई क्लिनर्स | ५००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| व. | साइन वोर्ड बनाउने पेन्टिङ् सेवा | ५००.० |
| स. | फूल र विरुवा बिक्रेता | ३००.० |
| ष. | सिसा, प्लाइउड विक्रेता | १०००.० |
| श. | खेलौना, उपहार (गिफट) विक्रेता | १०००.० |
| **३५.** | **चुरा पोते पसल** | |
| क. | क श्रेणी (थोक विक्री) | ५००.० |
| ख. | ख श्रेणी (खुद्रा विक्री) | ३००.० |
| **३६.** | **चस्मा पसल** | |
| क. | चिकित्सक सेवा सहितको | १०००.० |
| ख. | चिकित्सक सेवा रहितको | ५००.० |
| ग. | मसाज पार्लर | १०००.० |
| **३७.** | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | |
| क. | चामल, दाल, पिठो, तेल उत्पादा गर्ने र गल्ला खरिद सहित ठुलो उद्योगबाट | ४०००.० |
| ख. | चमल, दाल, पिठो, तेल उत्पादा गर्ने मिनी प्लान्टमा | २५००.० |
| ग. | सामान्य पसल | १०००.० |
| घ. | डेरी ठुलो पसल | ५००.० |
| ङ. | फर्निचर, काठ चिरान मिलमा | ५०००.० |
| च. | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्युम पाइप, पिलर रिङ्ग, ब्लक, गमला बनाउनेबाट उद्योग | ३०००.० |
| छ. | क्रसर उद्योग स्थायी | १५०००.० |
| ज. | क्रसर उद्योग अस्थायी | १५०००.० |
| झ. | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | ५०००.० |
| ञ. | पाउरोटी सर्वत बनाउने उद्योगबाट | १०००.० |
| ट. | विना चिम्नीका इट्टा भट्टा उद्योगबाट | २०००.० |
| ठ. | चिम्नी भएको इट्टा भट्टा उद्योगबाट | ३०००.० |
| ड. | मैन वत्ती उत्पादन उद्योगबाट | २००.० |
| ढ. | सावुन सोडा उत्पादन उद्योगबाट | ५००.० |

| सि. नं. | व्यवसायको विवरण | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| ण. | चाउमिन उत्पादन उद्योगबाट | ५००.० |
| त. | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | २००.० |
| थ. | पुरानो कपडा पेलेर कपास बनाउने उद्योग | ५००.० |
| द. | ग्यांस डिलर | १०००.० |
| ध. | सोलार व्यवसाय | ५००.० |
| न. | जडिबुटी बिक्रि तथा प्रसोधन | १०००.० |
| प. | साउण्ड सिस्टम भाडामा तथा बिक्री | ५००.० |
| फ. | डिपार्ट मेन्टल स्टोर/सुपर मार्केटमा | २५००.० |
| ब. | खसी बोका संकलन तथा बिक्री केन्द्रमा | ३००.० |
| भ. | मुभि हाउस | १०००.० |
| म. | वहाल कर (सम्वन्धित धनीबाट) | १० प्रतिशत |
| य. | सम्पति मूल्यांकन शूल्क | ०.०१ प्रतिशत सम्म |
| ४४. | मेला महोत्सव शुल्क | नगरपालिकाको स्वीकृत कार्यविधी बमोजिम |

अनुसूची ४

(दफा ६ सँग सम्बन्धित)

## कृषि उपज, जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर दस्तुर सम्बन्धी विवरण

| सि. नं. | विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| १. | लसून, प्याज, तरकारी अन्न तथा मसला लगायत कृषि उपजहरु | के.जी | -।१० (दस पैसा) |
| २. | ऊन, प्राकृतिक कृत्रिम जगर | प्रति के.जी. | -।५० (पचास पैसा) |
| ३. | खोटो | प्रति के.जी | -।५० (पचास पैसा) |
| ४. | टिमुर लगायत जडीबुटीहरु | प्रति के.जी | १।- (एक रुपैया) |
| ३. | वनकस, बाबियो, मलहनपत्ता, छवाली, पराल, वगास, निगालो, लोक्ता, पटेर, कुच्चो | प्रति के.जी | -।१० (दस पैसा) |
| ४. | साल र खयर | प्रति ट्रक | १०००।- (एक हजार) |
| ५. | सिसौं र अन्य काठ | ,, | ५००।- (पांच सय) |
| ६. | स्लेट, विछ्याउने ढुंगा | प्रति व.फिट. | १।- (एक रुपैया) |
| ७. | इट्टा | प्रति हजार | २५।- (पच्चिस रुपैया) |
| ८. | सिमेन्ट | प्रति बोरा | १।- (एक रुपैया) |
| ९. | सुर्तिको बण्डल | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १०. | सालको वियाँ | प्रति के.जी. | -।५० (पचास पैसा) |
| ११. | सल्लाको सिम्टा | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १२. | चिउरीको विजुला तथा अन्य वनस्पतिको विउ, विजुला | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १३. | पत्थर कोइला | प्रति के.जी. | -।०५ (पाँच पैसा) |
| १४. | मिनरल वाटर वोतल | प्रति गोटा | ०.०५ (पाँच पैसा) |
| १५. | खाली सिसी वियरको | प्रतिगोटा | ०.५० (पचास पैसा) |
| १६. | खाली सिसी ५०० एम.एल भन्दा तलको (मदिराको) | प्रतिगोटा | -।१५ (पन्ध्र पैसा) |
| १७. | खाली सिसी मदिरा र अन्य ५०० एम.एल भन्दा माथीको (मदिराको) | प्रति गोटा | -।४० (चालिस पैसा) |
| १८. | प्लाष्टिकका बोतल, भाँडाकुँडा, जुत्ता, चप्पल, जर्किन आदि | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १९. | खाली बोरा जुट/ प्लाष्टिकको ५० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।२५ (पच्चीस पैसा) |
| २० | खाली बोरा जुटको १०० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।५० (पचास पैसा) |
| २१ | तेलको खाली टिन १० लि. भन्दा बढी अट्ने ठूलो | प्रति गोटा | २।- (दुई रुपैया) |
| २२ | तेलको खाली टिन १० लि. भन्दा कम अट्ने सानो | प्रतिगोटा | १।- (एक रुपैया) |
| २३ | झिण्डु प्राकृति/कृतिम उनको टुक्रा | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २४ | गार्मेन्टको कपडा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैया) |
| २५ | जलेको मोविल | प्रति लिटर | ०.५०- (पचास पैसा) |

| सि. नं. | विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| २६ | जुट र प्लाष्टिक पुन प्रयोग हुन सक्ने बोराहरु | प्रति के.जी | -।१५ (पन्ध्र पैसा) |
| २७ | कार्पेटका टुक्राहरु | प्रति के.जी. | ०।५० (पैसा पचास) |
| २८. | टायर ट्यूब | प्रति के.जी. | ०।५० (पैसा पचास) |
| २९. | थोत्रो टिन | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३०. | पुराना ड्रम | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३१. | पुरानो कागज | | |
| क) | अखवार (न्यूज प्रिन्ट) | प्रति के.जी. | -। ५०(पचास पैसा) |
| ख) | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | -।५० (पचास पैसा) |
| ३२ | धातुका टुक्रा र पत्रु भई काम नलाग्ने भएका धातु सामान | | |
| क) | फलाम | प्रति के.जी | १।५० (एक रुपैया पचास पैसा) |
| ख) | अन्य धातु (पित्तल, तामा, आदि) | प्रति के.जी. | २।- (दुई रुपैया) |
| ग) | थोत्रिएर काम नलाग्ने मेशीनरी औजार र अन्य भाँडाकुँडाहरु | प्रति के.जी. | १। (एक रुपैया) |
| ३३. | पोलिथिन पाईपका टुक्राहरु | प्रति के.जी. | १।- (एक रुपैयां) |
| ३४. | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३५. | काँचको धुलो वा टुक्रा | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३६. | प्रचलित कानूनले निषेध गरे बाहेकका मरेका वा मारिएका पशु जन्य वस्तुहरुमा देहायबमोजिम करको दररेट | | |
| क. | हाड | प्रति के.जी. | १।- (एक रुपैया) |
| ख. | सिङ | प्रति के.जी. | २।- (दुई रुपैया) |
| ग. | खुर | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| घ. | छाला ठूलो | प्रति गोटा | ३०।- (तीस रुपैया) |
| ङ. | छाला सानो | प्रति गोटा | १५।- (पन्ध्र रुपैया) |
| ३७. | भट्टामा प्रयोग गरिने माटो | प्रति ट्रिप | २५।- (पच्चिस रुपैया) |
| ३८. | बाँस | प्रति घना | -।३० (तीस पैसा) |
| ३९. | प्रचलित कानूनले निषेध गरे बाहेकका हाँस, कुखुरा, आदीकाप्वाँख | प्रति के.जी. | १।- (एक रुपैया) |

अनुसूची ५
(दफा ७ सँग सम्बन्धित)

## सवारी साधन कर

१. सवारी साधन कर प्रदेश कानुन तथा नगरपालिकाको अटोरिक्सा व्यवस्थापन कार्यविधी, २०७६ बमोजिम हुनेछ ।

२. कृषि प्रयोजनका लागि प्रयोग हुने सवारी साधनहरुका सबै करमा ५० प्रतिशत छुट दिईनेछ ।

अनुसूची ६
(दफा ८ सँग सम्बन्धित)

## विज्ञापन कर

| क्र. सं. | विज्ञापनको साईज | २०७७/०७८ को स्वीकृत रु. |
|---|---|---|
| १. | विज्ञापन सामग्री १० व.फि. सम्म प्रति व.फि. | रु.७५।० |
| २. | विज्ञापन सामग्री १० व.फि. भन्दा माथी प्रति व.फि. | रु. ८०।० |
| ३. | साना किसिमका प्रचारका बोर्ड ८ व.फि. सम्म | रु.५००।० |
| ४. | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | रु.१०।०० |
| ५. | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढी | रु.८।०० |
| ६. | १ मिटर र १ व.फि सम्मको विज्ञापनको | रु.३।० |
| ७. | स्टल राखि विज्ञापन प्रतिदिन | रु. १०००।० |
| ८. | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट सम्म प्रति एकाई | ।२५ पैसा |
| ९. | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट माथी प्रति एकाई | ।५० पैसा |
| १०. | व्यवसायीक माइकिगं प्रतिदिन | रु. ३००।० |
| ११. | एकमुष्ठ बर्ष भंरी नै माइकिगं गर्ने भएमा | रु. ५०००।० |

सार्वजनिक महत्वका सरकारी सूचना विज्ञापनमा नगरपालिकाले निःशुल्क सहुलियत दिन सक्ने ।

अनुसूची ७
(दफा ९ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | खेलकूद | आम्दानीको ५ % |
| २. | सर्कस | आम्दानीको १० % |
| ३. | चटक रसर्कस | आम्दानीको १० % |
| ४. | मेला/पर्व/जात्रामा मनोरञ्जन कार्यक्रम | आम्दानीको ५ % |

अनुसूची ८
(दफा १० सँग सम्बन्धित)

**बहाल बटौरी शुल्क**

| सि.नं. | विवरण | दर रु. |
|---|---|---|
| १ | हाटबजार प्रति स्टल | १५।० हरेक पटक |
| वहाल विटौरी शुल्क कार्यपालिकाले बनाएको कार्यविधि अनुसार हुने । | | |

अनुसूची ९
(दफा ११ सँग सम्बन्धित)

## पार्किङ्ग शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | मोटर साईकल | ५.०० प्रति पटक |
| २ | निजि कार/जिप/भ्यान | १०.०० प्रति पटक |
| ३ | अटो रिक्सा/टेम्पु/पावर टेलर | ५.०० प्रति पटक |
| ४ | मिनि ट्रक/बस /टयाक्टर | १५.०० प्रति पटक |
| ५ | ठूला ट्रक/बस | २०.०० प्रति पटक |
| ६ | जे.सी.वि./डोजर/क्रेन | ५०.०० प्रति पटक |

अनुसूची १०

(दफा १२ सँग सम्बन्धित)

## सेवा शुल्क तथा दस्तुर

| क्र. सं. | विवरण | दर रु. |
|---|---|---|
| १. | निवेदन फर्म दस्तुर | २५।० |
| २. | नागरिकता सिफारिस | १५०।० |
| ३. | अंगिकृत नागरिकता सिफारिस | १०००।० |
| ४. | सामान्य सिफारिस दस्तुर | १५०।० |
| ५. | नाम, थर संशोधन सिफारिस | २००।० |
| ६. | प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा सानो साइजमा) | ५०।० |
| ७. | प्रतिलिपि दस्तुर (A4 भन्दा ठुलो साइजमा जस्तैः गुरुयोजना नक्सा) | ३००।० |
| ८. | न.पा.बाट दिइने सुचना प्रतिपेज | १०।० |
| ९. | राहदानी (परिचय पत्रमा) मा सिफारिस | २५०।० |
| १०. | खानेपानी, विद्युत,टेलिफोन जडान र नाम सारी (आवासीय) | २००।० |
| ११. | खानेपानी, विद्युत,टेलिफोन जडान र नामसारी (व्यवसायिक) | १०००।० |
| १२. | चार किल्ला प्रमाणित सिफारिस : प्रति १ कित्ताको लागि | ३००।० |
| १३. | चार किल्ला प्रमाणित सिफारिस : प्रति १ कित्ता पछि थप प्रतिको | ५०।० |
| १४. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो १ कित्ता माग भएमा | ३००।० |
| १५. | ट्रेस नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रतिकित्ता | ५०।० |
| १६. | बाटो प्रमाणित | ५००।० |
| १७. | कम्प्युटर अंग्रेजी टाइपमा सिफारिस | ३००।० |
| १८. | पेन्सनपट्टा सिफारिस (स्वदेशी संस्थामा) | २००।० |
| १९. | पेन्सनपट्टा सिफारिस (विदेशी संस्थामा) | ५००।० |
| २०. | नाता प्रमाणित | २००।० |
| २१. | नाता प्रमाणितको लागि सर्जमिन मुचुल्का दस्तुर | १००।० |
| २२. | औद्योगिक प्रयोजनको लागि (५ लाख माथिको पूँजीमा) सर्जमिन दस्तुर | १०००।० |
| २३. | औद्योगिक प्रयोजनको लागि (५ भन्दा कम पुजिमा) सर्जमिन दस्तुर | ५००।० |
| २४. | व्यवसायिक प्रयोजनको लागि (ठुला) सर्जमिन दस्तुर | १५००।० |
| २५. | व्यवसायिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर | ३००।० |
| २६. | अन्य सर्जमिन दस्तुर | २००।० |
| २७. | अस्थायी ठेगाना प्रमाणित | ३००।० |

| क. सं. | विवरण | दर रु. |
|---|---|---|
| २८. | छुट जग्गा दर्ता सिफारिस प्रती कठ्ठा | १५०।० |
| २८. | अव्यवस्थित र सुकुम्वासी जग्गा दर्ता सिफारिस | ३००।० |
| ३०. | राजीनामा / बकसपत्र सिफारिस दस्तुर | ५००।० |
| ३२. | जग्गा मरुवा नामसारी सिफारिस | ५००।० |
| ३३. | जग्गा सीमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा निवेदकले प्रति उजुरी तिर्नुपर्ने सेवा शुल्क (प्रति कित्ता) | २०००।० |
| **३४.** | **संस्था दर्ता तथा नवीकरणमा** | |
| ।। . | नया सामुदायिक संस्था/समूह दर्ता | ८००। |
| ।। | नया सामुदायिक संस्था/समूह नविकरण | ३००। |
| ३५. | नया दर्ता सिफारिसमा (नगर) | ५००।० |
| ३६. | नया दर्ता सिफारिसमा (वडा) | २००।० |
| ३७. | नवीकरण सिफारिस | २५०।० |
| ३८. | आय स्रोत प्रमाणित सिफारिस | ०.०५ प्रतिशत |
| ३९. | व्यक्तिगत घटना दर्ता जन्म मृत्यु बसाई सराई ३५ दिनसम्म निःशुल्क त्यसपछि | ५०।० |
| ४०. | व्यक्तिगत घटना दर्ता प्रमाणित | २००।० |
| ४१. | उधोग दर्ता दस्तुर | सम्बन्धित कानुन अनुसार |
| ४२. | साना उधोग स्थापना सिफारिस | ८००।० |
| ४३. | मझौला उधोग स्थापना सिफारिस | १०००।० |
| ४४. | उद्योग नामसारी तथा ठाउंसारी वडा सिफारिस | ८००।० |
| ४५. | पशु र वस्तु (रांगा, भैसी, गोरु)को निकासीको सिफारिस प्रति गोटा | २५।० |
| ४६. | खसी, बोका, बंगुर निकासीको सिफारिस प्रति गोटा | १०।० |
| ४७. | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (चल्ला) | १ एक रुपैयां |
| ४८. | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (बयस्क) | २ दुई रुपैयां |
| ४९. | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (अष्ट्रिच) | १० दश रुपैयां |
| ५०. | घर नक्सापास नामसारि दस्तुर | ५००।० |

| क्र. सं. | विवरण | दर रु. |
|---|---|---|
| ५१. | जग्गाधनी पूर्जा प्रतिलिपि सिफारिस | ३००।० |
| ५२. | सडक पिच तथा ग्राभेल कटिङ शुल्क | |
| ५३. | मुख्य बाटो पीच कटिङ शुल्क | ८०००।० |
| ५४. | सहायक बाटो पीच कटिङ शुल्क | ५०००।० |
| ५५. | ग्राभेल बाटो कटिङ शुल्क | ५००।० |
| ५६. | कच्ची बाटो कटिङ शुल्क | ३००।० |
| ५७. | लेकवेशी नगरपालिकाको क्षेत्रभित्रको सडक किनारा, फुटपाथ, सार्वजनिक जग्गा, आदिमा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, र केवुल लाइन आदिले पोल, क्याविनेट, तारवार, टान्सफरमर, आदि राखी तार लाइन विस्तारमा कार्यपालिकाले तोकिए अनुसार वार्षिक शुल्क असुली गर्ने । | |

## शिक्षा निजी संस्थागत तर्फको सेवा शुल्क

| क्र. स. | विवरण | वडाको लागि सिफारिस दस्तुर | नपाको लागि अनुमति दस्तुर |
|---|---|---|---|
| १. | नयां कक्षा अनुमति (स्थापना) | १००० | १५००० |
| २. | कक्षा थप अनुमति | | |
| क. | कक्षा २ देखि ५ सम्म | १००० | ५००० |
| ख. | कक्षा ६ देखि ८ सम्म | १००० | १०००० |
| ग. | कक्षा ९ देखि १० | १५०० | १५००० |
| घ. | कक्षा ११ देखि १२ | २००० | २०००० |
| ङ. | मन्टेश्वरी तथा चाइल्डकेयर सेन्टर अनुमति | १००० | १५००० |
| च. | पूर्वप्राथमिक वा प्रि स्कूल अनुमति | १००० | १५००० |
| छ. | ट्यूसन सेन्टर अनुमति | ५०० | ५००० |
| ज. | कोचिङ सेन्टर अनुमति | ५०० | ५००० |
| झ. | ट्रेनिङ्ग इन्स्टिच्यूट अनुमति | ५०० | ५००० |
| ञ. | परामर्श कक्षा अनुमति | ५०० | ५००० |
| ट. | शैक्षिक इन्स्टिच्यूट अनुमति | १५०० | १५००० |
| ठ. | विभिन्न सिफारिस साधारण | १५० | १५० |

| क्र. स. | विवरण | वडाको लागि सिफारिस दस्तुर | नपाको लागि अनुमति दस्तुर |
|---|---|---|---|
| ३ | **शिक्षक सरुवा** | | |
| क. | प्रा.वि. | | ५०० |
| ख. | नि.मा. | | ५०० |
| ग. | मा.वि. | | ५०० |
| घ. | उ.मा.वि. | | ५०० |
| ङ. | कर्मचारी | | ५०० |
| च. | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि | | २०० |
| ४ | **संस्थागत विद्यालय ठाउँसारी** | | |
| क. | आधारभूत तह सम्म | | ५००० |
| ख. | माध्यमिक तह र सो भन्दा माथि | | १०००० |

**सहकारी तर्फः**

सहकारी दर्ता तथा कार्य क्षेत्र विस्तारमा देहायका शुल्क लाग्नेछ

१. सहकारी संस्था दर्ताको लागि निर्दिष्ट एक कार्य क्षेत्र बरावर रु.१०००।
२. सहकारी संघ दर्ताका लागि रु. १५००। दर्ता शुल्क लाग्नेछ ।
३. कार्य क्षेत्र विस्तार गर्दा प्रति थप कार्य क्षेत्र को रु. ५००। थप शुल्क लाग्नेछ ।

**सहकारी संघसंस्थाहरुले तोकिएको समयभित्र वार्षिक विवरण पेश नगरेमा देहायका जरिवाना लाग्नेछः**

दर्ता भएका सबै सहकारी संघसंस्थाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराई तोकिए बमोजिमका विवरण खुलाई दर्ता गर्ने अधिकारी समक्ष वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।अन्यथा देहाय बमोजिमको जरीवाना लाग्ने छ ।

१. रु. १ करोडसम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु. ५००।००
२. रु. ५ करोडसम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु. १०००।००
३ रु. १० करोडसम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु. १५००।००
४. रु. १० करोडदेखि माथि कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु. २५००।०

अनुसूची ११
(दफा १४ सँग सम्बन्धित)

## नक्सापास दस्तुर

| क्र. सं. | घरको बनावट | धुलियाविट भेडावारी मुख्य सडकको दायाँ बायाँ बन्ने घरको दर प्रति वर्ग फिट (रु.) | अन्य सहायक सडकको दायाँ बायाँ बन्ने घर को दर प्रति वर्ग फिट(रु.) | अन्य साना सडक वा ठाउमा बन्ने घरको दर प्रति वर्ग फिट(रु.) |
|---|---|---|---|---|
| १. | आर.सी.सी. ढलान बनावट | आ.व. २०७७/०७८ को स्वीकृत रु. | आ.व. २०७७/०७८ को स्वीकृत रु. | आ.व. २०७७/०७८ को स्वीकृत रु. |
| क. | भुई तला | ४ | ३ | २ |
| ख. | प्रथम तला | ६ | ४ | ३ |
| ग. | दोस्रो तला र सोभन्दा माथि | ८ | ५ | ४ |
| २. | **लोड वियरिङ् बनावटको ढलान तथा कडी पाटनः** | | | |
| क. | भुई तला | २ | १ | .७५ |
| ख. | प्रथम तला | ३ | ३ | २ |
| ग. | दोस्रो तला र सो भन्दा माथि | ५ | ४ | ३ |
| ३. | **ईटालाई सि.म., माटो मसला जोडाई गरि बनेको जस्ता छाना भएको :** | | | |
| क. | भुई तला | १ | १ | १५० |
| ख. | प्रथम तला | २ | २ | १ |
| ग. | दोस्रो तलार सो भन्दा माथि | ४ | ३ | २ |
| ५. | घर, नक्सापास निवेदन फाराम | ५०० | ५०० | ५०० |
| ६. | **नक्सा पास गर्दा रेखाङ्कन शुल्क (Lay Out):** | | | |
| क. | ६५ वर्ग मिटरसम्म | ५०० | ४०० | ३०० |
| ख. | ६६ वर्ग मिटर भन्दा माथि | १००० | ८०० | ६०० |
| ७. | **घर कायम सिफारिस दस्तुर** | | | |
| क. | पक्की १००० वर्ग फिटसम्म | ५००।० | ३००।० | २००।० |
| ख. | पक्की १००० वर्ग फिट भन्दा माथि | ६००।० | ४००।० | ३००।० |
| ग. | कच्ची घर | ३००।० | २५०।० | २००।० |

अनुसूची १२
(दफा १५ सँग सम्वन्धित)

**पर्यटन शुल्क**

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १. | धार्मिक स्थल | शुल्क नलाग्ने |
| २. | गुफा | टिकटको १०% |
| ३. | पद यात्रा | प्रति दिनको रु. १०।०० |
| ४. | संरक्षित क्षेत्र दर्शन | प्रति दिनको रु. २०।०० |
| ५. | अन्य | प्रति दिनको रु. ५०।०० |

**आज्ञाले,**

प्रमाणीकरण मिति - २०७७/०३/२९

**कृष्ण प्रसाद खरेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**लेकवेशी नगरपालिका, सुर्खेत**